## शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार छनोट तथा सिफारिससम्बन्धी कार्यविधि,२०८२

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको सभाबाट विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार नियुक्ति गर्ने प्रयोजनका लागि विश्वविद्यालय ऐन, २०८२ को दफा २५ को उपदफा (१) बमोजिम सिफारिस समिति गठन भएको, विश्वविद्यालयलाई स्वास्थ्य विज्ञान र स्वास्थ्य सेवा क्षेत्रमा उत्कृष्टताको केन्द्रको रूपमा रहने गरी सञ्चालन गर्न, यसको प्राज्ञिक तथा शैक्षिक प्रशासनिक वातावरण समृद्ध बनाउन उपकुलपति र रजिष्ट्रारको भूमिका महत्त्पूर्ण हुने भएको र योग्य तथा क्षमतावान् व्यक्ति खुला प्रतिष्पर्धाको माध्यमबाट उपकुलपति र रजिष्ट्रारमा नियुक्तिको लागि सिफारिस गर्नु पर्ने भएकोले उम्मेदवार छनोटका विधि, आधार र प्रक्रिया तय गरी उपकुलपति तथा रजिष्ट्रार सिफारिससम्बन्धी कार्य व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार छनोट तथा सिफारिस गर्न गठित सिफारिस समितिले देहायको कार्यविधि बनाई लागु गरेको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम " शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार छनोट तथा सिफारिससम्बन्धी कार्यविधि,२०८२" रहेको छ।

(२) यो कार्यविधि सिफारिस समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ भई उपकुलपति र रजिष्ट्रार सिफारिस नहुँदासम्म कायम हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कार्यविधिमा,–

(क) "उम्मेदवार" भन्नाले शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको उपकुलपति वा रजिष्ट्रारको पदका लागि दरखास्त स्वीकृत भएका उम्मेदवार सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ सम्झनु पर्छ ।

(ग) "नजिकका नातेदार" भन्नाले एकाघरको परिवार सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ को दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित विश्वविद्यालय वा सो सरहका शैक्षिक उपाधि प्रदान गर्ने प्रतिष्ठानका पदाधिकारीसमेतलाई जनाउँछ।

(ङ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(च) "विश्वविद्यालय" भन्नाले शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ को दफा २५ को उपदफा (१) बमोजिमको उपकुलपति र रजिष्ट्रार सिफारिस समिति सम्झनु पर्छ ।

(ञ) "संयोजक" भन्नाले विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार छनोट तथा सिफारिस समितिको संयोजक सम्झनु पर्छ ।

३. **<u>बैठक सम्बन्धी कार्यविधि:</u>**(१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकको गणपुरक सङ्ख्याको लागि समितिको संयोजक र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनु पर्नेछ ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ र सर्वसम्मत हुन नसकेमा संयोजकसहितको बहुमतले गरेको निर्णय समितिको निर्णय हुनेछ ।

(५) समितिको निर्णय संयोजकको हस्ताक्षरपछि प्रमाणित भएको मानिनेछ ।

(६) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ ।

४. **<u>आवश्यक न्यूनतम योग्यता:</u>** (१) यस कार्यविधि बमोजिम विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट चिकित्सा शिक्षासँग सम्बन्धित कुनै विधा (हेल्थ प्रोफेसनल एजुकेशन) मा विद्यावारिधि, डीएम, एमसीएच वा सो सरहको उपाधि प्राप्त गरेको,

(ख) कुनै विश्वविद्यालयको प्राध्यापक पदमा रही कम्तीमा दश वर्ष काम गरेको,

(ग) शैक्षिक वा प्राज्ञिक उन्ननयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय कुशलता, नेतृत्व क्षमता, सिप र कौशल प्रदर्शन गरेको,

(घ) प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजना सफलतापूर्वक सम्पन्न गरेको,

(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरको जर्नलमा अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामग्री प्रकाशन गरेको,

(च) दरखास्त पेस गर्ने अन्तिम दिनसम्म ३५ वर्ष उमेर पुरा भई ६१ वर्ष उमेर ननाघेको,

(छ) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको,

(ज) नेपाली नागरिक भएको,

(झ) प्रचलित कानुनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नभएको,

(ञ) दरखास्त दिनु तत्कालअघि कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(२) यस कार्यविधि बमोजिम विश्वविद्यालयको रजिष्ट्रार नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षामा प्राध्यापन वा प्राज्ञिक अनुसन्धान वा स्वास्थ्य सेवाको कार्यकारी प्रशासनको पदमा वा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पद वा सोभन्दा माथिको पदमा कम्तीमा पाँच वर्ष कार्यअनुभव हासिल भएको,

(ग) शैक्षिक, प्राज्ञिक उन्नयन वा प्रशासनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापनसम्बन्धी सिप र कौशल प्रदर्शन गरेको,

(घ) प्रचलित कानुनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको,

(ङ) दरखास्त पेस गर्ने अन्तिम दिनसम्म ३५ वर्ष उमेर पुरा भई ६१ वर्ष उमेर ननाघेको,

(च) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको,

(छ) नेपाली नागरिक भएको,

(ज) दरखास्त दिनु तत्कालअघि कुनै राजनीतिक दलको सदस्य नरहेको ।

**५. <u>सूचना प्रकाशन गर्ने</u>:** (१) विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार नियुक्तिका लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी राष्ट्रिय दैनिक पत्रिका र मन्त्रालयको वेबसाइटमा पन्ध्र दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयावधिभित्र तीन जनाभन्दा कम व्यक्तिको दरखास्त पेस हुन आएमा समितिले पेस हुन आएका दरखास्त कायमै राखी इच्छुकलाई दरखास्त पेस गर्न बढीमा पाँच दिनको समयावधि थप गर्न सक्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिमको अवधिमा पेस हुन आएका दरखास्त तथा उपदफा (२) बमोजिम म्याद थप भएको अवस्थामा त्यस्तो अवधिमा प्राप्त भई स्वीकृत भएका दरखास्तलाई मूल्याङ्कन प्रक्रियामा समवेश गर्नु पर्नेछ ।

**६. <u>दरखास्त साथ पेस गर्नुपर्ने कागजात</u>:** (१) उपकुलपतिको लागि न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले दरखास्तसाथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) विद्यावारिधि, डीएम, एमसीएच वा सो सरहको उपाधिका शैक्षिक प्रमाण पत्रको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिका हकमा समकक्षता प्रमाणपत्र पेस गर्नु पर्नेछ।),

(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयको प्राध्यापक पदमा स्थायी नियुक्त भएको नियुक्तिपत्रको प्रतिलिपि,

(ग) विश्वविद्यालयको प्राध्यापक पदमा रही कम्तीमा दश वर्षको अनुभव हासिल गरेको पत्र,

(घ) चिकित्सा स्वास्थ्यको क्षेत्रमा कुनै अनुसन्धानात्मक पुस्तक वा ग्रन्थ लेखी प्रकाशन गरेको भए सोको प्रति,

(ङ) प्रचलित कानुनबमोजिम स्थापित विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारी वा कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा सो सरहका उच्च शैक्षिक संस्था वा निकायको पदाधिकारी पदमा अनुभव हासिल गरेको भए सो खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(च) समकक्ष समीक्षित जर्नल वा Ranked Journal मा अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामग्री प्रकाशन गरेको भए सोको प्रतिलिपि,

(छ) प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको विवरण तथा प्रमाणको प्रतिलिपि,

**द्रष्टव्यः** प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजनाअन्तर्गत मान्यताप्राप्त विश्वविद्यालय, प्रतिष्ठान वा विश्वविद्यालय अनुदान आयोग वा सरकारी निकायअन्तर्गतका अनुसन्धानमूलक परियोजना सम्पन्न भएको हुनु पर्नेछ ।

(ज) बढीमा पाँच हजार शब्दसम्मका शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) र शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयका लागि आफ्नो चार बर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Action Plan of University) ।

(यसरी सोचपत्र र कार्ययोजना पेस गर्दा खण्ड "क" मा सोचपत्र र खण्ड "ख" मा कार्ययोजना हुने गरी दुई खण्डमा विभाजन गरेर तयार गर्नु पर्नेछ.)

(झ) प्रचलित कानुनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य नभएको र हाल कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्र,

(ञ) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको बेहोरा खुलेको स्वःघोषणा पत्र,

(ट) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(२) रजिष्ट्रारको लागि न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले दरखास्तसाथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट हासिल स्नातकोत्तर र विद्यावारिधि उपाधिका प्रमाण पत्रको प्रतिलिपि (विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिका हकमा समकक्षता प्रमाणपत्र पेस गर्नु पर्नेछ।),

(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयमा प्राध्यापन वा प्राज्ञिक अनुसन्धान वा स्वास्थ्य सेवाको कार्यकारी प्रशासक वा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा स्थायी नियुक्त भएको नियुक्तिपत्रको प्रतिलिपि,

(ग) माथि खण्ड (ख) मा उल्लिखित क्षेत्रमा हासिल गरेको कार्यअनुभव खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(घ) समकक्ष समीक्षित जर्नल वा Ranked Journal मा अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामग्री प्रकाशन गरेको भए सोको प्रतिलिपि,

(ङ) बढीमा पाँच हजार शब्दसम्मका शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) र शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयका लागि आफ्नो चार बर्षे रणनीतिक कार्ययोजना (Four Years Strategic Action Plan of University) ।

(यसरी सोचपत्र र कार्ययोजना पेस गर्दा खण्ड "क" मा सोचपत्र र खण्ड "ख" मा कार्ययोजना हुने गरी दुई खण्डम विभाजन गरेर तयार गर्नु पर्नेछ ।),

(च) प्रचलित कानुनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य नभएको र हाल कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्र,

(छ) विश्वविद्यालयसँग कुनै स्वार्थ नबाझिएको बेहोरा खुलेको स्व:घोषणा पत्र,

(ज) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(३) उपदफा (१) खण्ड (झ) र उपदफा (२) को खण्ड (ङ) बमोजिमको शहीद दरशथ चन्द विश्वविद्यालयको सोचपत्र र चार वर्षे रणनीतिक कार्ययोजना (Vision Paper and Four Years Strategic Action Plan of University) अङ्ग्रेजीमा भए Times New Roman 12 Font Size र नेपालीमा भए प्रिति वा युनिकोडमा क्रमशः १४ वा १२ फन्ट साइजमा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाइ सो बाहेक सुरूदेखि अन्त्यसम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको सङ्केत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेस गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम उम्मेदवारले पेस गर्नु पर्ने दरखास्तको ढाँचा अनुसूची-१ अनुसार हुनेछ ।

७. **<u>दरखास्त स्वीकृति वा रद्द गर्न सक्ने</u>:**(१) उपकुलपतिको हकमा यस कार्यविधिको दफा ४ को उपदफा (१) तथा दफा ६ को उपदफा (१) र रजिष्ट्रारको हकमा दफा ४ को उपदफा (२) र दफा ६ को उपदफा (२) बमोजिमको योग्यता एवम् प्रक्रिया पुरा भई प्राप्त भएका दरखास्त स्वीकृत गरी उम्मेदवारलाई छनोट प्रक्रियाका लागि सूचीकृत गरिनेछ ।

(२) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्टा कागजात पेस गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

८. **<u>छनोट विधि</u>:** (१) समितिले उम्मेदवारबाट पेस हुन आएका योग्यता, अनुभव, आफैंले लेखी सोमा इन्टरनेशनल स्टाण्डर्ड बुक नम्बर (आईएसबीएन) प्राप्त गरी प्रकाशित पुस्तक वा ग्रन्थ, अनुसन्धानात्मक परियोजनाको विवरण, अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामग्री, विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा विश्वविद्यालयको चार वर्षे रणनीतिक कार्ययोजनासहितको मूल्याङ्कन, उम्मेदवारले गरेको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका आधारमा सर्वाधिक अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवार छनोट गरी नेपाली वर्णमालाको

वर्णानुक्रममा ऐनको दफा २५ को उपदफा (६) बमोजिम उपकुलपति वा रजिष्ट्रार नियुक्तिका लागि सभा समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपकुलपति छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाइनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

(क) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव,

(ख) चिकित्सा स्वास्थ्यको क्षेत्रमा कुनै अनुसन्धानात्मक पुस्तक वा ग्रन्थ लेखी प्रकाशन,

(ग) प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजनासँग सम्बन्धित विवरण तथा प्रमाण,

(घ) समकक्ष समीक्षित जर्नल (Peer-Reviewed Journal) वा Ranked Journal मा प्रकाशित अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामग्री,

(ङ) विश्वविद्यालयसम्बन्धी सोचपत्र र विश्वविद्यालयको चार वर्षे रणनीतिक कार्ययोजनाको मूल्याङ्कन,

(च) खण्ड (ङ) बमोजिमको सोचपत्र र कार्ययोजनाको प्रस्तुतीकरण,

(छ) अन्तर्वार्ता ।

(३)उपदफा (१) बमोजिमको रजिष्ट्रार छनोट विधिमा जम्मा एक सय पूर्णाङ्कलाई आधार बनाइनेछ र सोको मूल्याङ्कन देहायका आधारमा हुनेछः-

(क) उच्च शिक्षामा प्राध्यापन वा प्राज्ञिक अनुसन्धान वा स्वास्थ्य सेवाको कार्यकारी प्रशासक वा सो सरहको पदमा कार्य अनुभव र शैक्षिक उपाधि,

(ख) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव,

(ग) अनुसन्धानात्मक पुस्तक वा ग्रन्थ प्रकाशन,

(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजनासँग सम्बन्धित विवरण तथा प्रमाण,

(ङ) समकक्ष समीक्षित जर्नल (Peer-Reviewed Journal) वा Ranked Journal मा प्रकाशित अनुसन्धानमूलक लेख,

(च) विश्वविद्यालयसम्बन्धी सोचपत्र र विश्वविद्यालयको चार वर्षे रणनीतिक कार्ययोजनाको मूल्याङ्कन,

(छ) खण्ड (च) बमोजिमको सोचपत्र र कार्ययोजनाको प्रस्तुतीकरण,

(ज) अन्तर्वार्ता ।

(४) उपदफा (२) र (३) बमोजिमका विषयगत आधारको अङ्क र सोको विस्तृत विवरण तथा छनोटका आधार उपकुलपतिको हकमा अनुसूची-२ र रजिष्ट्रारको हकमा अनुसूची -३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

९. **छनोटको चरण:** (१) यस कार्यविधिको दफा ८ को उपदफा (२) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम र उपदफा (३) को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिमको मूल्याङ्कनको आधारमा जम्मा प्राप्ताङ्क कायम गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई क्रमशः उपकुलपति र रजिष्ट्रारको सङ्क्षिप्त सूची (Short list) मा राखी प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्क्षिप्त सूची (Short list) प्रकाशन गर्दा बढीमा सात र कम्तीमा तीनजना उम्मेदवारलाई समावेश गरी सङ्क्षिप्तसूची (Short list) तयार गरिनेछ।

तर दफा ५ को उपदफा (२) अनुसारको समयावधिमा समेत गरी जम्मा उम्मेदवार सङ्ख्या तीन जनाभन्दा कम भएमा सङ्क्षिप्त सूचीमा तीन जनाभन्दा कम उम्मेदवार समावेश गर्न समस्या हुने छैन ।

(३) **उप**दफा (२) बमोजिमको सङ्क्षिप्त सूची (Short list) मा रहेका उम्मेदवारहरूलाई तीन दिनको सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ बमोजिम प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ ।

**(४)** विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजना एकभन्दा बढी विज्ञबाट मूल्याङ्कन गर्नु पर्नेछ र मूल्याङ्कनकर्ताले प्रदान गरेको अङ्कबाट औसत निकालेर उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क निर्धारण गरिनेछ ।

(५) विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजना मूल्याङ्कनका लागि उम्मेदवारको नाम नखुल्ने गरी समितिको सचिवालयबाट सोचपत्र र कार्ययोजनालाई दोहोरो कोडिङ गरिनेछ।

(६) उपदफा (३) बमोजिम कोडिङ गरिएका विश्वविद्यालयको सोचपत्र र रणनीतिक कार्ययोजनाको मूल्याङ्कन भएपश्चात सिलबन्दी गोप्य राखिनेछ र प्रस्तुतीकरण तथा अन्तर्वार्ता सम्पन्न भएपश्चात दफा १३ बमोजिम नाम सिफारिस गर्ने समयमा मात्र खोलिनेछ ।

(७) विश्वविद्यालयको सोचपत्र मूल्याङ्कनको ढाँचा उपकुलपतिको हकमा अनुसूची -४ र रजिष्ट्रारको हकमा अनुसूची - ५ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(८) विश्वविद्यालयको रणनीतिक कार्ययोजनाको मूल्याङ्कनको ढाँचा उपकुलपतिको हकमा अनुसूची-६ र रजिष्ट्रारको हकमा अनुसूची - ७ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(९) यस दफा बमोजिम मूल्याङ्कन गरिएका कागजातहरू सिलबन्दी गरी गोप्य रूपमा राखिनेछ।

१०. **प्रस्तुतीकरण र अन्तर्वार्ता:** (१) दफा ९ को उपदफा (३) बमोजिम आमन्त्रण गरिएका उम्मेदवारलाई मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक सूचना प्रकाशन गरी दफा ८ बमोजिम प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ।

(२) किरिया बस्नु परेको वा बिरामी भई असपताल भर्ना भएको कारण निर्धारित मिति र समयमा अन्तर्वार्तामा उपस्थित हुन नसक्ने भएमा प्रस्तुतीकरण तथा अन्तर्वार्ता हुनुभन्दा अगावै सम्बन्धित उम्मेद्वारले समितिसमक्ष निवेदन गर्न सक्नेछ ।

(३) उपदफा (२) को अवस्था परेको भनी कुनै दरखास्तवालाले समितिसमक्ष निवेदन गरेमा समितिले निवेदन प्राप्त भएको मितिले त्यस्तो उम्मेदवारका लागि दश दिनभित्र प्रस्तुतीकरण र अन्तर्वार्ताको समय निर्धारण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको अवस्थामा बाहेक उम्मेदवारलाई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि समितिले निर्धारित समय बाहेकको अन्य समय उपलब्ध गराउने छैन ।

(५) प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि निर्धारित पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा कम अङ्क प्रदान गर्दा सोको कारण मूल्याङ्कनकर्ताले खुलाउनु पर्नेछ र त्यसरी भएको मूल्याङ्कनमा बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो बढी वा घटी दिएकोमा चालिस प्रतिशत अङ्क कायम हुनेछ।

(६) अन्तर्वार्ताकारले प्रदान गरेको अङ्कको औसत अङ्क कायम गरी प्राप्ताङ्क कायम गरिनेछ ।

(७) प्रस्तुतीकरणको मूल्याङ्कनसम्बन्ध अङ्क प्रदान गर्ने ढाँचा अनुसूची -८ मा व्यवस्था भए बमोजिम र अन्तर्वार्ताकारले प्रदान गर्ने ढाँचा अनुसूची – ९ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**११. उपसमिति गठन तथा सेवा लिनसक्ने:** (१) समितिले उम्मेदवार छनोट तथा सिफारिस कार्यका लागि उपसमिति गठन गर्न आवश्यक ठानेमा उपसमिति गठन गर्न वा यससम्बन्धी कार्यका लागि कुनै विज्ञ आमन्त्रण गरी सेवा लिन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिमको उपसमिति वा विज्ञलाई विश्वविद्यालयको सोचपत्र तथा रणनीतिक कार्ययोजनाको मूल्याङ्कनको जिम्मा दिन सकिनेछ ।

(३) समितिले आवश्यक ठानेमा कार्ययोजना तथा सोचपत्रको प्रस्तुतीकरणमा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको उपसमिति गठन भएमा वा कुनै विज्ञ छनोट गर्नु पर्ने भएमा त्यस्तो उपसमितिमा रहने वा विज्ञका रूपमा आमन्त्रण हुने व्यक्ति विद्यावारिधिको शैक्षिक उपाधि प्राप्त प्राध्यापकमध्येबाट छनोट गर्नु पर्नेछ ।

(५) समितिले आफ्नो कार्यसम्पादनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका कर्मचारीबाट सेवा लिन सक्नेछ ।

**१२. मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुने:** (१) समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदारले उपकुलपति वा रजिष्ट्रारको पदमा दरखास्त पेस गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुदैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा समितिका अध्यक्ष तथा सदस्यको हकमा सहकुलपतिबाट र उपसमिति वा अन्य कुनै विज्ञको हकमा समितिबाट व्यवस्था भए बमोजिम हुनेछ।

**१३. नाम सिफारिस:**(१) समितिले सिफारिस गर्दा अपनाएको प्रक्रिया समावेश गरी प्रतिवेदन तयार गर्नेछ र सोसहित उपकुलपति र रजिष्ट्रार नियुक्तिका लागि उम्मेदवारको नाम सभा समक्ष सिफारिस गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम नाम सिफारिस गर्दा प्राप्ताङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने तीन तीन जनाको नाम नेपाली वर्णानुक्रमअनुसार हुने गरी क्रमशः उपकुलपति र रजिष्ट्रारको लागि सभा समक्ष सिफारिस गर्नेछ ।

१४. **खर्चसम्बन्धी व्यवस्था:** समिति तथा उपसमिति वा विज्ञ वा कर्मचारीको बैठकसम्बन्धी, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च विश्वविद्यालयबाट नियमानुसार भुक्तानी हुनेछ ।

१५. **बाधा अड्काउ फुकाउन सक्ने:** समितिले यस कार्यविधिबमोजिम काम कारवाही गर्दा कुनै बाधा अड्चन आइपरेमा त्यस्ता बाधा अड्काउ फुकाउने गरी निर्णय गर्न सक्नेछ र त्यस्तो निर्णय मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

१६. **कागजपत्रको संरक्षण:** समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यससम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू मन्त्रालयमा सुरक्षित राखिनेछ ।

१७. **सचिवालय:** समितिको सचिवालय मन्त्रालयको प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखामा रहनेछ।

## अनुसूची-१

### (दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

### दरखास्तको ढाँचा

श्री संयोजकज्यू,
शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको उपकुलपति तथा रजिष्ट्रार सिफारिस समिति,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिँहदरबार, काठमाडौं।

**विषयः दरखास्त तथा कागजात पेस गरेको सम्बन्धमा।**

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको रिक्त उपकुलपति/रजिष्ट्रार पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेस गरेको छु। उपकुलपति/रजिष्ट्रारको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको छ भने यो दरखास्त पेस गर्दा म कुनै राजनीतिक दलको सदस्य नरहेको, शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसँग मेरो कुनै संस्थागत स्वार्थ नबाझिएको र प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नभएको स्वघोषणा गर्दै म उपकुलपति/रजिष्ट्रार पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. सार्वजनिक निकायको नामः शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय
२. नियुक्ति हुन चाहेको पदः
३. दरखास्त पेस गर्ने व्यक्तिकोः
(क) व्यक्तिगत विवरणः
नाम थर (देवनागरी):.........................................................................................
ENGLISH BLOCK LETTER ..........................................................................................
हाल कार्यरत संस्थाः..............................पदः ———.
नेपाली नागरिकताको प्रमाण पत्र नं.:———— जारी मितिः———— जिल्लाः————
स्थायी ठेगानाः————————————————————.
अस्थायी ठेगानाः————————————————————.
जन्म मितिः .....................साल....................... महिना................ गते
सम्पर्क नम्बरः ................... इमेलः...................

(ख) शैक्षिक योग्यताको विवरणः

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १ | स्नातकोत्तर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | विद्यावारिधि | | | | |

(ग) अनुभवः (पदाधिकारी भए सोसमेत)

| क्र. सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |

(घ) प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजनासम्बन्धी विवरण

| क्र. सं. | परियोजनाको शीर्षक | परियोजना पेस गरेको निकाय | अनुसन्धान टोलीको नामावली* | परियोजना सम्पन्न गरेको मिति** | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

* उम्मेदवारको भूमिका प्रमुख अनुसन्धानकर्ता वा सह-अनुसन्धानकर्ता के हो खुलाउनु पर्नेछ।

** परियोजना पेस गरेको निकायबाट उक्त परियोजना सम्पन्न भएको प्रमाणपत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ।

(ङ) अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामग्री प्रकाशनसम्बन्धी विवरण

Ranked Journals (SCImago/Scopus Journal Ranking) ***

| क्र. सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | अनुसन्धानकर्ताको नाम | प्रकाशक | प्रकाशन मिति | कैफियत (SCImago Rank) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*** For SCImago Rank, Visit: http://www.scimagojr.com

Peer-Reviewed Journals

| क्र. सं. | लेखको शीर्षक | जर्नलको नाम र अङ्क | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

च) पुस्तक वा ग्रन्थसम्बन्धी विवरण

| क्र. सं. | पुस्तक वा ग्रन्थको शीर्षक | प्रकाशक | पुस्तक वा ग्रन्थ लेखकहरूको नाम | ISBN | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(छ) संलग्न कागजात तथा विवरणः

(१) अनुसूचीको ढाँचामा निवेदन,

(२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(३) वैयक्तिक विवरण तीन प्रति,

(क) स्नातकोत्तर तथा विद्यावारिधि उपाधिको प्रमाणपत्रहरूको प्रतिलिपि (विदेशी विश्वविद्यालयवाट उपाधि प्राप्त गरेको भए सो को नेपालको विश्वविद्यालयबाट समकक्षता प्राप्त गरेको)

(४) प्राध्यापकको सुरु नियुक्तिपत्रको प्रतिलिपि,

(५) किताब वा ग्रन्थ लेखेको भए सोका प्रतिहरु,

(६) खण्ड (घ) मा उल्लिखित परियोजना सम्पन्न गरेको प्रमाणपत्र,

(७) खण्ड (ङ) मा उल्लिखित लेख वा सन्दर्भ सामग्री,

(८) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) र चार वर्षे रणनीतिक कार्ययोजना (Strategic Action Plan)- थान तीन,

(९) कुनै राजनीतिक दलको सदस्य नरहेको र शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसँग कुनै किसिमको स्वार्थ नबाझिएको स्वघोषणा,

(१०) कार्यविधिको दफा ४, ६ र ८ मा उल्लिखित विषयमा अन्य केही भए सोको विवरण।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| **औंठा छाप** | |
|---|---|
| दाँया | बाँया |
| | |

दस्तखतः
नाम थरः
मितिः
सम्पर्क नम्बरः

**पुनश्चः** आवेदक भ्रष्टाचारजन्य, व्यक्तिगत आचरणसम्बन्धी लगायतका कुनै पनि अभियोग नलागेको सदाचारयुक्त हुनुपर्नेछ । कसैको त्यस प्रकारको उजुरी वा गुनासो प्राप्त भएमा त्यस्ता आवेदनलाइ अस्वीकार गर्न बाधा हुनेछैन ।

## अनुसूची-२
### (दफा ८ को उपदफा (४) सँग सम्बन्धित)
### अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन

| **अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था** | **अधिकतम अङ्कभार** | **अङ्क विभाजन र आधार** |
|---|---|---|
| (क) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव हासिल गरेको। | ६ | प्रति वर्ष एक दशमलव पाँच अङ्कका दरले बढीमा ४ वर्षको लागि अधिकतम ६ अङ्क।<br>द्रष्टव्य<br>(१) यसरी अङ्क विभाजन गर्दा वर्ष दिनभन्दा कम अवधिको चानचुन महिना तथा दिनको अङ्क गणना हुने छैन।<br>(२) आफू पदाधिकारी भएको वहोरा दरखास्तमा खुलाउनु पर्नेछ। त्यस्तो पद पदाधिकारीको पद भन्ने कानून सहित पेश नगरेको अवस्थामा यस खण्ड बमोजिमको अङ्क प्रदान हुने छैन।<br>(३) यस खण्डअन्तर्गत पदाधिकारी व्यक्तिको अनुभवको अङ्क प्रदान गर्दा कार्यसम्पादनको स्तरलाई समेत आधार बनाइनेछ । |
| (ख) स्वास्थ्यको क्षेत्रमा कुनै अनुसन्धानात्मक पुस्तक वा ग्रन्थ लेखी आइएसबिएन प्राप्तिसहित सोको प्रकाशन गरेकोमा दुई वटासम्मको लागि | ६ | (१) सम्बन्धित विषय क्षेत्रमा अनुसन्धानात्मक पुस्तक वा ग्रन्थ लेखे वापत प्रति किताव वा सन्दर्भ सामग्री वापत तीन अङ्कका दरले दुई वटासम्मको लागि ६ अङ्क।<br>(२) पाठ्यपुस्तक वा सम्पादित वा अनुदित वा टीका लेखनसँग सम्बन्धित पुस्तक वा ग्रन्थ प्रकाशन गरेको भनी पेस गरेको भए सोको मूल्याङ्कन गरिने छैन ।<br>**द्रटब्यः** यसरी पुस्तक वा ग्रन्थ एकल रूपमा लेखेको प्रति पुस्तक वा सन्दर्भ सामग्री तीन अङ्कका दरले ६ अङ्क र संयुक्त रूपमा लेखेको भए तीन अङ्कमा जतिजना भई लेखेको हो सोको दामासाही अङ्क। |
| (ग) प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरे वापत। | ८ | (१) अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भइ सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत चार अङ्कका दरले दुई वटा अनुसन्धानको लागि ९ अङ्क, वा |

| | | |
|---|---|---|
| | | (२)राष्ट्रियस्तरको प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भइ सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत दुई अङ्कका दरले चार वटा अनुसन्धानको लागि ९ अङ्क।<br>(३) माथि खण्ड (१) र (२) बमोजिमको अनुसन्धानमा कसैले अन्तर्राष्ट्रिय र राष्ट्रिय अनुसन्धान गरेको अवस्थामा बढीमा दुई वटा प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजना वापतको अङ्क प्राप्त गर्न बाधा पुग्ने छैन।<br>(४) माथि खण्ड (१), (२) र (३) बमोजिमको अनुसन्धान सदस्य भइ अनुसन्धान सम्पन्न गरेकोमा त्यस्तो टोली सदस्यको सङ्ख्याले अनुसन्धान परियोजना वापतको अङ्कलाई भाग गरी हुन आउने दामासाही अङ्क प्रदान गरिने छ। |
| (घ) अनुसन्धानमूलक लेख तथा सन्दर्भसामग्री प्रकाशन | १० | समकक्ष समीक्षित जर्नल (Peer- Reviewed Journal) वा Ranked Journal मा चिकित्सा शिक्षामा अध्ययन अध्यापन हुने आफ्नो विषयसँग सम्बन्धित कुनै विषयमा वा उच्च शिक्षासम्बन्धी नीति, योजना वा कार्यक्रमका क्षेत्रमा अनुसन्धानमूघक लेख वा सन्दर्भ सामग्री प्रकाशन गरे वापत अधिकतम चार वटा लेख वा सन्दर्भ सामग्रीको लागि दुई दशमलव पाँच अङ्कका दरले दश अङ्क<br>(१)समकक्ष समीक्षित जर्नल वा Ranked Journal मा कुनै अनुसन्धानात्मक लेख वा सन्दर्भ सामग्री प्रकाशन गरेको अवस्थामा प्रमुख लेखक वा एकल लेखक भए प्रति लेख दुई दशमलव पाँच अङ्क,<br>(२)समकक्ष समीक्षित जर्नल वा Ranked Journal मा सहलेखक भई कुनै अनुसन्धानात्मक लेख वा सन्दर्भ सामग्री प्रकाशन गरेको अवस्थामा प्रति लेख एक दशमलव दुई पाँच अङ्क,<br>(३)कसैले चारभन्दा कम लेख वा सन्दर्भ सामग्री प्रमुख लेखक र अन्यमा सहलेखक भई पेस गरेको अवस्थामा चार लेख वा सन्दर्भ सामग्री पुगुन्जेल अङ्क प्राप्त गर्न सक्नेछ । |

| | | |
|---|---|---|
| (ङ) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) मूल्याङ्कन | १५ | (१)विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता-३ अङ्क<br>(२)विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता- ३ अङ्क<br>(३)विश्वविद्यालयलाई प्राज्ञिक तथा अनुसन्धानको उत्कृष्ट केन्द्रको रूपमा विकास-३ अङ्क<br>(४)विश्वविद्यालयलाई विश्वको उत्कृष्ट स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउन लिनु पर्ने कार्यनीति-३ अङ्क<br>(५) विश्वविद्यालयमा मानव संसाधन व्यवस्थापनसम्बन्धी कार्यनीति – ३ अङ्क |
| (च) विश्वविद्यालयको चार बर्षे रणनीतिक कार्ययोजना (Strategic Action Plan) मूल्याङ्कन | १५ | (१) विश्वविद्यालयको विद्यमान अवस्था र स्वच्छ सुरूवात -३<br>(२) स्वास्थ्य विज्ञानमा विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis- ३<br>(३) विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरसम्बन्धको विश्लेषण - ३<br>(४) विश्वविद्यालयलाई सुरूवात गर्न रणनैतिक रूपमा अङ्गिकार गर्नु पर्ने क्षेत्रहरूको पहिचान-३<br>(५) विश्वविद्यालयको अनुगमन र मूल्याङ्कन ढाचाँ सहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना -३ |
| (छ) प्रस्तुतीकरण | २० | विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजनाको प्रस्तुती अनुसूची-८ मा व्यवस्था भए बमोजिम हुनेछ र सो बमोजिम मूल्याङ्कन गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ। बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |
| (ज) अन्तर्वार्ता | २० | अन्तर्वार्ता वापत मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ। बहुमत अन्तर्वार्ताकारले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |

## अनुसूची-३
### (दफा ८ को उपदफा (४) सँग सम्बन्धित)
### योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी अङ्क विभाजन

| योग्यता, अनुभव, सोचपत्र, कार्ययोजना, प्रस्तुतीकरण तथा अन्तर्वार्तासम्बन्धी व्यवस्था | अधिकतम अङ्कभार | अङ्क विभाजन र आधार |
|---|---|---|
| (क) शैक्षिक उपाधि। | २ | नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि वा सो सरहको शैक्षिक उपाधि प्राप्त गरेको भए २ अङ्क<br>द्रष्टव्यः विदेशी विश्वविद्यालयबाट शैक्षिक उपाधि प्राप्त गरेको भए समकक्षताको प्रमाणपत्र समावेश गरेमा मात्र अङ्क प्रदान गरिनेछ। |
| (ख) स्वदेशी वा विदेशी विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारीको अनुभव हासिल गरेको। | ४ | प्रति वर्ष एक अङ्कका दरले बढीमा ४ वर्षको लागि अधिकतम ४ अङ्क।<br>द्रष्टव्य<br>(१) यसरी अङ्क विभाजन गर्दा वर्ष दिनभन्दा कम अवधिको चानचुन महिना तथा दिनको अङ्क गणना हुने छैन।<br>(२) आफू पदाधिकारी भएको वहोरा दरखास्तमा खुलाउनु पर्नेछ। त्यस्तो पद पदाधिकारीको पद भन्ने कानून सहित पेश नगरेको अवस्थामा यस खण्ड बमोजिमको अङ्क प्रदान हुने छैन।<br>(३) यस खण्डअन्तर्गत पदाधिकारी व्यक्तिको अनुभवको अङ्क प्रदान गर्दा कार्यसम्पादनको स्तरलाई समेत आधार बनाइनेछ । |
| (ग) पुस्तक वा ग्रन्थ लेखी आइएसबिएन प्राप्तिसहित सोको प्रकाशन गरेकोमा दुई वटासम्मको लागि | ४ | (३) शैक्षिक तथा प्राज्ञिक उन्नयनका लागि पुस्तक वा ग्रन्थ लेखे वापत प्रति पुस्तक वा सन्दर्भ सामग्री वापत दुई अङ्कका दरले दुई वटासम्मको लागि ४ अङ्क।<br>(४) पाठ्यपुस्तक वा सम्पादित वा अनुदित वा टीका लेखनसँग सम्बन्धित पुस्तक वा ग्रन्थ प्रकाशन गरेको भनी पेस गरेको भए सोको मूल्याङ्कन गरिने छैन ।<br>द्रटब्यः |

| | | |
|---|---|---|
| | | यसरी पुस्तक वा ग्रन्थ एकल रूपमा लेखेको प्रति पुस्तक वा सन्दर्भ सामग्री दुई अङ्कका दरले ४ अङ्क र संयुक्त रूपमा लेखेको भए तीन अङ्कमा जतिजना भई लेखेको हो सोको दामासाही अङ्क। |
| (घ) प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरे वापत। | १० | (१) अन्तर्राष्ट्रियस्तरको प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भइ सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत पाँच अङ्कका दरले दुई वटा अनुसन्धानको लागि १० अङ्क, वा<br>(२) राष्ट्रियस्तरको प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजना मुख्य अनुसन्धानकर्ता भइ सम्पन्न गरे वापत प्रति अनुसन्धान वापत दुई दशमलव पाँच अङ्कका दरले चार वटा अनुसन्धानको लागि १० अङ्क।<br>(३) माथि खण्ड (१) र (२) बमोजिमको अनुसन्धानमा कसैले अन्तर्राष्ट्रिय र राष्ट्रिय अनुसन्धान गरेको अवस्थामा बढीमा दुई वटा प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजना वापतको अङ्क प्राप्त गर्न बाधा पुग्ने छैन।<br>(४) माथि खण्ड (१), (२) र (३) बमोजिमको अनुसन्धान सदस्य भइ अनुसन्धान सम्पन्न गरेकोमा त्यस्तो टोली सदस्यको सङ्ख्याले अनुसन्धान परियोजना वापतको अङ्कलाई भाग गरी हुन आउने दामासाही अङ्क प्रदान गरिने छ। |
| (ङ) अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामग्री प्रकाशन | १० | समकक्ष समीक्षित जर्नल (Peer- Reviewed Journal) वा Ranked Journal मा चिकित्सा शिक्षामा अध्ययन अध्यापन हुने आफ्नो विषयसँग सम्बन्धित कुनै विषयमा वा उच्च शिक्षासम्बन्धी नीति, योजना वा कार्यक्रमका क्षेत्रमा अनुसन्धानमूघक लेख वा सन्दर्भ सामग्री प्रकाशन गरे वापत अधिकतम चार वटा लेख वा सन्दर्भ सामग्रीको लागि दुई दशमलव पाँच अङ्कका दरले दश अङ्क<br>(४)समकक्ष समीक्षित जर्नल वा Ranked Journal मा कुनै अनुसन्धानात्मक लेख वा सन्दर्भ सामग्री |

| | | |
|---|---|---|
| | | प्रकाशन गरेको अवस्थामा प्रमुख लेखक वा एकल लेखक भए प्रति लेख दुई दशमलव पाँच अङ्क,<br>(५)समकक्ष समीक्षित जर्नल वा Ranked Journal मा सहलेखक भई कुनै अनुसन्धानात्मक लेख वा सन्दर्भ सामग्री प्रकाशन गरेको अवस्थामा प्रति लेख एक दशमलव दुई पाँच अङ्क,<br>(६)कसैले चारभन्दा कम लेख वा सन्दर्भ सामग्री प्रमुख लेखक र अन्यमा सहलेखक भई पेस गरेको अवस्थामा चार लेख वा सन्दर्भ सामग्री पुगुन्जेल अङ्क प्राप्त गर्न सक्नेछ । |
| (च) विश्वविद्यालयसम्बन्धी सोचपत्र (Vision Paper) मूल्याङ्कन | १५ | (१)विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता-३ अङ्क<br>(२)विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता-३ अङ्क<br>(३)विश्वविद्यालयलाई पारदर्शिता, जवापदेहिता र शैक्षिक उन्नयनमा उत्कृष्ट केन्द्रको रूपमा विकास-३ अङ्क<br>(४)विश्वविद्यालयलाई विश्वको उत्कृष्ट स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउन लिनु पर्ने कार्यनीति-३ अङ्क<br>(५) विश्वविद्यालयमा मानव संसाधन र परीक्षा व्यवस्थापनसम्बन्धी कार्यनीति – ३ अङ्क |
| (छ) विश्वविद्यालयको चार बर्षे रणनीतिक कार्ययोजना (Strategic Action Plan) मूल्याङ्कन | १५ | (१)विश्वविद्यालयको विद्यमान अवस्था र स्वच्छ सुरूवात -३<br>(२) स्वास्थ्य विज्ञानमा विद्यमान अवस्थामा देखिएका परीक्षा लगायतका समस्या सहितको SWOT Analysis- ३<br>(३) विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरसम्बन्धको विश्लेषण -३<br>(४) विश्वविद्यालयलाई सुरूवात गर्न रणनैतिक रूपमा अङ्गिकार गर्नु पर्ने व्यवस्थापकीय विषय क्षेत्र पहिचान-३ |

| | | |
|---|---|---|
| | | (५) विश्वविद्यालयको अनुगमन र मूल्याङ्कन ढाचाँ सहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना - ३ |
| (ज) प्रस्तुतीकरण | २० | विश्वविद्यालयसम्बन्धी सोचपत्र तथा चार वर्षे रणनीतिक कार्ययोजनाको प्रस्तुती अनुसूची-८ मा व्यवस्था भए बमोजिम हुनेछ र सो बमोजिम मूल्याङ्कन गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ। बहुमत मूल्याङ्कनकर्ताले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |
| (झ) अन्तर्वार्ता | २० | अन्तर्वार्ता वापत मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा यसको पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी र चालीस प्रतिशतभन्दा घटी दिँदा कारण खुलाउनु पर्नेछ। बहुमत अन्तर्वार्ताकारले त्यस्तो अङ्क दिएकोमा मात्र गणना हुनेछ। सो नभएमा बढी भए सत्तरी र कम भए चालिस प्रतिशतमात्र अङ्क गणना हुनेछ। |

**अनुसूची-४**

**खण्ड (क)**

**(दफा ९ को उपदफा (५) सँग सम्बन्धित)**

**विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कन ढाँचा**

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८२।--।-- गते प्रकाशित सूचनाअनुसार यस सिफारिस समितिमा दरखास्त दिएका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

| क्र. सं. | कोड नम्बर | मूल्याङ्कनका आधारहरू र पूर्णाङ्क | | | | | जम्मा प्रासाङ्क अङ्कमा | जम्मा प्रासाङ्क अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता (३ अङ्क) | विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता (३ अङ्क) | विश्वविद्यालयलाई प्राज्ञिक तथा अनुसन्धानको उत्कृष्ट केन्द्रको रूपमा विकास ( ३ अङ्क) | विश्वविद्यालयलाई विश्वको उत्कृष्ट स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउन लिनु पर्ने कार्यनीति (३ अङ्क) | श्वविद्यालयमा मानव संसाधन व्यवस्थापनसम्बन्धी कार्यनीति (३ अङ्क) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः** **नामः** **मितिः**

**अनुसूची-५**

**खण्ड (क)**

**(दफा ९ को उपदफा (५) सँग सम्बन्धित)**

**विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कन ढाँचा**

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको रजिष्ट्रार पदको लागि सिफारिस समितिबाट मिति २०८२।--।-- गते प्रकाशित सूचनाअनुसार यस सिफारिस समितिमा दरखास्त दिएका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

| क्र. सं. | कोड नम्बर | **मूल्याङ्कनका आधारहरू र पूर्णाङ्क** | | | | | **जम्मा प्राप्ताङ्क अङ्कमा** | **जम्मा प्राप्ताङ्क अक्षरमा** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विश्वविद्यालयको गुणस्तर अभिवृद्धि र प्रभावकारिता (३ अङ्क) | विश्वविद्यालयको सम्पत्तिको उपयोग, आर्जन र आत्मनिर्भरता (३ अङ्क) | विश्वविद्यालयलाई पारदर्शिता, जवापदेहिता र शैक्षिक उन्नयनमा उत्कृष्ट केन्द्रको रूपमा विकास (३ अङ्क) | विश्वविद्यालयलाई विश्वको उत्कृष्ट स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउन लिनु पर्ने कार्यनीति (३ अङ्क) | विश्वविद्यालयमा मानव संसाधन र परीक्षा व्यवस्थापनसम्बन्धी कार्यनीति (३ अङ्क) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः** **नामः** **मितिः**

## अनुसूची-६
## खण्ड (ख)
## (दफा ९ को उपदफा (६) सँग सम्बन्धित)
## विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कन ढाँचा

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको उपकुलपति पदको लागि सिफारिस समितिबाट मिति २०८१।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

| क्र.सं. | कोड नम्बर | मूल्याङ्कनका आधारहरू र पूर्णाङ्क | | | | | जम्मा प्राप्ताङ्क अङ्कमा | जम्मा प्राप्ताङ्क अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विश्वविद्यालयको विद्यमान अवस्था र स्वच्छ सुरूवात (३ अङ्क) | स्वास्थ्य विज्ञानमा विद्यमान अवस्थामा देखिएका समस्या सहितको SWOT Analysis (३) | विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँग को अन्तरसम्बन्धको विश्लेषण (३) | विश्वविद्यालयलाई सुरूवात गर्न रणनैतिक रूपमा अङ्गिकार गर्नु पर्ने क्षेत्रहरूको पहिचान (३) | विश्वविद्यालयको अनुगमन र मूल्याङ्कन ढाचाँ सहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना (३ अङ्क) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः** **नामः**

**मितिः**

## अनुसूची-७
## खण्ड (ख)
## (दफा ९ को उपदफा (६) सँग सम्बन्धित)
## विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कन ढाँचा

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको रजिष्ट्रार पदको लागि सिफारिस समितिबाट मिति २०८२।--।-- गते प्रकाशित सूचना अनुसार यस सिफारिस समितिमा दरखास्त दिएका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी रणनीतिक कार्ययोजना मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

| क्र.सं. | कोड नम्बर | मूल्याङ्कनका आधारहरू र पूर्णाङ्क (१५) | | | | | जम्मा प्राप्ताङ्क अङ्कमा | जम्मा प्राप्ताङ्क अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विश्वविद्यालयको विद्यमान अवस्था र स्वच्छ सुरूवात (३ अङ्क) | स्वास्थ्य विज्ञानमा विद्यमान अवस्थामा देखिएका परीक्षा लगायतका समस्या सहितको SWOT Analysis (३ अङ्क) | विश्वविद्यालयको अन्य विश्वविद्यालय तथा अन्य सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरसम्बन्धको विश्लेषण (३ अङ्क) | विश्वविद्यालयलाई सुरूवात गर्न रणनैतिक रूपमा अङ्गिकार गर्नु पर्ने व्यवस्थापकीय विषय क्षेत्र पहिचान (३ अङ्क) | विश्वविद्यालयको अनुगमन र मूल्याङ्कन ढाचाँ सहितको ४ वर्ष अवधिको वार्षिक सुधार कार्ययोजना (३ अङ्क) | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः** **नामः**

**मितिः**

**अनुसूची-८**

**(दफा १० को उपदफा (७) सँग सम्बन्धित)**

**सोचपत्र र कार्ययोजनाको प्रस्तुतीकरणको मूल्याङ्कन ढाँचा**

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको उपकुलपति वा रजिष्ट्रार पदको लागि मिति २०८२।--।-- गते सिफारिस समितिबाट प्रकाशित सूचनाअनुसार यस शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिइ सङ्क्षिप्त सूचीमा रहेका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी सोचपत्र र रणनीतिक कार्ययोजना प्रस्तुतीकरण मूल्याङ्कनका क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

**उम्मेदवारको नामः** **पदः**

| **क्र.** | **मूल्याङ्कनको आधारहरु** | **पूर्णाङ्क (२०)** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | ३ | | |
| २. | विश्वविद्यालयसम्बन्धी विषयबस्तुको पूर्णता | ४ | | |
| ३. | सोचपत्रको जानकारी  र समावेश भएको | ४ | | |
| ४ | कार्ययोजना बारेको ज्ञान र कार्यान्वयन ढाँचामा | ४ | | |
| ५. | तार्किक तथा विश्लेषणात्मक क्षमता | ४ | | |
| ६. | समय व्यवस्थापन | १ | | |
| | कुल अङ्क | अङ्कमाः | | |
| | | अक्षरमाः | | |

**मूल्याङ्कनकर्ताको हस्ताक्षरः**

**नामः**

**पदः**

**मितिः**

**अनुसूची-९**
**(दफा १० को उपदफा (७) सँग सम्बन्धित)**
**अन्तर्वार्ताको मूल्याङ्कन ढाँचा**

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको उपकुलपति वा रजिष्ट्रार पदको लागि सिफारिस समितिबाट मिति २०८२।--।-- गते प्रकाशित सूचनाअनुसार यस शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय स्थित समितिको सचिवालयमा दरखास्त दिइ सङ्क्षिप्त सूचीमा परेका उम्मेदवारहरू मेरो नजिकको नातेदार नपर्ने साथै उम्मेदवारहरूको अन्तर्वार्ताको क्रममा मेरो कुनै व्यक्तिगत स्वार्थ नरहेको बेहोरा घोषणा गर्दछु।

**आवेदकको नामः** **पदः**

| **क.** | **मूल्याङ्कनको आधारहरु** | **पूर्णाङ्क (२०)** | **प्रासाङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| १. | प्रस्तुतीकरण शैली | २ | | |
| २. | विषयबस्तुको ज्ञान (सम्वन्धित ऐन कानुनसमेत) | ६ | | |
| ३. | नेतृत्व क्षमता | ५ | | |
| ४ | समस्या र समाधान गर्ने क्षमता | ३ | | |
| ५. | विश्लेषणात्मक क्षमता | ३ | | |
| ६. | समय व्यवस्थापन | १ | | |
| कुल अङ्क | | अङ्कमाः | | |
| | | अक्षरमाः | | |

**अन्तर्वार्ताकारको हस्ताक्षरः**

**नामः** **पदः** **मितिः**